# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

प.स. २०८२/०८३
सुचना न. ०१

आ.व. २०८२/०८३ मा आन्तरिक आय संकलन गर्ने ठेक्का बन्दोबस्त सम्बन्धी दरभाउपत्रको शिलबन्दी सूचना।

**दोश्रो पटक प्रकाशित २०८२/०४/०५**

कोशी गाउँपालिकामा निम्न अनुसार श्रोतबाट प्राप्त हुने आन्तरिक आय संकलन आ.व. २०८२/०८३ को लागि ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रही इच्छुक फर्म संस्थाहरुबाट तोकिएको समयभित्र आफुले ठेक्का लिन चाहेको ठेक्काको दरभाउपत्र यस गाउँकार्यपालिकाको कार्यालयमा तोकिएको मितिमा दाखिला गर्न यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनत्तम ठेक्का (अंकभ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | ४/२०८२/०८३ राजश्व | चौपाया मवेशी निकासी कर | १३०००००। | १०००। |
| २ | ८/२०८२/०८३राजश्व | बुधवार र शनिवार लाग्ने नहरचौकको हटिया | २५०००। | १०००। |

१.दरभाउपत्र साथ सकार गरेको वार्षिक ठेक्का रकमको ५ प्रतिशतले हुनपाउने रकम धरौटी वापत कोशी गाउँपालिकाको नेपाल इन्भेष्टमेन्ट मेगा बैक लौकहीमा रहेको खाता नं. २९१०१४०००००१४७ मा जम्मा गरेको सक्कली बैंक भौचर संलग्न गर्नुपर्नेछ।

२.दरभाउपत्र साथ पेश गर्ने फर्म/ठेक्केदारले नेपाली नागरिकताको प्रतिलिपी र इजाजत प्राप्त फर्मको प्रमाण पत्रको प्रतिलिपी, नविकरण तथा कर चुक्ता लगायत प्रमाणित कागजात संलग्न गर्नुपर्नेछ ।

३.प्रत्येक ठेक्काको लागि तोकिएको दरभाउपत्र फाराम दस्तुर(फिर्ता नहुने) गरी तिरी कोशी गाउँपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

४.म्याद नाघी आएको वा रित नपुगेको दरभाउपत्र फाराम खरिद गर्न सकिनेछैन।

५.दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार कोशी गाउँपालिकामा सुरक्षित रहनेछ।

६.ठेक्का सुरक्षित भएको दरभाउपत्र दाताले आफुले कवोल गरेको स्वीकृत ठेक्का रकम एक मुष्ठ अग्रिम रुपमा बुझाएमा मु.अ.कर बाहेक कुल ठेक्का रकमको १० प्रतिशत सम्म छुट दिइनेछ।

७.दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

८. शिलबन्दी दरभाउपत्र सूचिमा सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजेभित्र दर्ता गर्न सकिनेछ।

९.दर्ता भएको शिलबन्दी दरभाउपत्रहरु ८ औं दिन २ बजे खोलिनेछ।

१०. ठेक्का सुरक्षित भएको दरभाउपत्र दाताले आफुले कबोल गरेको स्वीकृत ठेक्का रकमको पहिलो किस्ता २५ प्रतिशत वापत बुझाएको नगद रकम कट्टा गरी बाँकी बुझाउनु पर्ने किस्ताको बैंक ग्यारेन्टी अनिवार्य पेश गर्नुपर्नेछ । अन्यथा ठेक्का सम्झौता गरिनेछैन ।

११.वन्द हडताल अन्य मानव सिर्जित कारणहरुबाट कर छुट र मिनाहा गर्नेछैन।

१२. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१३. माथि उल्लेखित ठेक्का बन्दोवस्तका लागि सम्बन्धित निकायवाट मान्यता प्राप्त न्यूनतम घ वर्गका इजाजत प्राप्त फर्महरु/ठेकेदारहरुवाट मात्र शिलवन्दी दरभाउपत्रमा सहभागी हुन पाउनेछन।

१४. करदाताले कुनैपनि सरकारी निकायमा १ पटक कर बुझाई सकेको प्रमाण पत्र पेश गरेमा चौपाया मवेशी, माछा लगायत कृषिजन्य आयात निर्यात कर संकलन गर्न सकिनेछैन।

१५.कर संकलन गर्ने दररेट स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन बमोजिम हुनेछ।

१६. सम्झौता गर्न आउँदा आधिकारीक व्यक्ति आउनु पर्नेछ।

१७. कर संकलनको अवधि सम्झौता भएको मिति देखि गणाना गरिनेछ।

१८. अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

१९. प्रथम पटक प्रकाशित सूचना बमोजिम रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गरेका दरभाउपत्रदाताले पून सोही दरभाउपत्र पेश गर्न चाहेको निवेदन पेश गरेमा उक्त दरभाउपत्रलाई प्रतिस्पर्धामा सहभागि गराईन्छ।

प्रमुख प्रशासकीय अधिकृत

**दिपेश कुमार झा**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner